**सर्वोच्च अदालत, पूर्ण इजलास**
**माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ**
**माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**
**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**

**आदेश**

०७३-FN-०३४६ (०७३-CI-०९४६)

विषयः अन्तरकालीन आदेश जारी गरिपाऊँ ।

सुन्दर कार्की-----------------------------------------------------निवेदक/पुनरावेदक/विपक्षी

विरुद्ध

रामेश्वर मानन्धर ---------------------------------------------------विपक्षी/प्रत्यर्थी/निवेदक

मुद्दाः- उत्प्रेषणयुक्त परमादेश।

यसमा निवेदक सुन्दर कार्कीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, श्री पुर्णमान शाक्य र श्री मुक्तिनारायण प्रधान, विद्वान अधिवक्ताहरू श्री सुर्य के.सी., डा. भीमार्जुन आचार्य, श्री रमन कुमार कर्ण र श्री कृष्ण थापा तथा विपक्षी रामेश्वर मानन्धरको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल र श्री बद्री बहादुर कार्की, विद्वान अधिवक्ताहरू श्री माधव कुमार बस्नेत र श्री शुकदेव काफ्लेले गर्नुभएको बहस सुनियो।

यसमा विपक्षी रामेश्वर मानन्धर रिट निवेदक र निवेदक सुन्दर कार्की विपक्षी भै उच्च अदालत पाटनमा चलेको **०७२-WO-०८२९** नं.को उत्प्रेषणयुक्त परमादेश रिट निवेदनमा उच्च अदालत पाटनबाट नेपालको संविधानको धारा १४४(१) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम उपयुक्त आदेश जारी हुने ठहरी मिति २०७३।९।२० मा भएको आदेशउपर विपक्षी यी निवेदकले मिति २०७३।९।२२ मा पुनरावेदन (०७३-CI-०९४६) नं.को पुनरावेदन दर्ता गरेको देखिन्छ। निवेदक सुरेन्द्र कार्कीले यस अदालतमा दायर गरेको पुनरावेदन विचाराधीन रहेकै समयमा उच्च अदालत पाटनको उक्त मिति २०७३।९।२० को आदेशको कार्यान्वयन हुने अवस्था भएकोले सो आदेश बमोजिमको पुनः मतगणनाको कार्य

प्रस्तुत पुनरावेदनको किनारा नलागेसम्म नगर्नु नगराउन अन्तर्कालीन आदेश जारी गरिपाऊँ भनी निज निवेदक सुरेन्द्र कार्कीले मिति २०७३।९।२४ मा निवेदन दिएको देखिन्छ। सो निवेदनमा यस अदालतबाट मिति २०७३।९।२५ मा जारी भएको अल्पकालीन अन्तर्कालीन आदेशलाई निरन्तरता दिने नदिने सम्बन्धमा मिति २०७३।१०।५ मा सुनवाई हुँदा उच्च अदालत पाटनले नेपालको संविधानको धारा १४४(१) तथा यसमा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम गरेको आदेशमा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(२) को अवस्था विद्यमान नहुँदा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम निवेदकले पुनरावेदन गरी सो पुनरावेदनअन्तर्गत अन्तर्कालीन आदेश जारी गरिपाऊँ भनी परेको प्रस्तुत निवेदनको समेत औचित्य नहुने हुँदा मिति २०७३।९।२५ को अन्तर्कालीन आदेशलाई निरन्तरता दिनु नपर्ने राय मा.न्या.श्री दीपकराज जोशीबाट र पुनरावेदनको रोहबाट निर्णय नहुँदै उच्च अदालत पाटनको मिति २०७३।९।२० को आदेशको कार्यान्वयन गर्नु न्यायिक दृष्टीले उपयुक्त नहुने हुँदा मिति २०७३।९।२५ को अन्तर्कालीन आदेशमा कुनै परिवर्तन नगरी निरन्तरता दिने राय मा.न्या.श्री जगदीश शर्मा पौडेलबाट राय व्यक्त भै प्रस्तुत निवेदन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पेश हुन आएको रहेछ।

प्रस्तुत सन्दर्भमा यस अदालतबाट मिति २०७३।९।२५ मा जारी भएको अन्तर्कालीन आदेशलाई निरन्तरता दिनु पर्ने हो होइन? भन्ने सन्दर्भमा विचार गर्दा न्याय प्रशासन ऐन, २०७३ जारी हुनुपूर्व प्रचलनमा रहेको न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) मा **"पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछः- (क) पुनरावेदन अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दा........"** भन्ने व्यवस्था रही सोही दफा ९(१) को आधारमा ऐ. (क) बमोजिम पुनरावेदन अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दामा तत्काल प्रचलित ऐनबमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भै सोहीबमोजिम कारवाही र किनारा हुँदै आएको देखिन्छ।

न्याय प्रशासन ऐन, २०४८ खारेज भै न्याय प्रशासन ऐन, २०७३ मिति २०७३।६।३ देखि प्रचलनमा रहेको हुँदा न्याय प्रशासन ऐन, २०७३ ले उच्च अदालतको अधिकारक्षेत्र सम्बन्धमा नयाँ थप प्रावधानहरू के कस्तो गरेको रहेछ भनी हेर्नुपर्ने हुन्छ। साथै उच्च

अदालतले गरेको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अधिकारक्षेत्रको सम्बन्धमा पनि नेपालको संविधान र न्याय प्रशासन ऐन, २०७३ मा के कस्तो कानूनी व्यवस्था रहेछ भनी हेर्नुपर्ने भएको छ। साबिक न्याय प्रशासन ऐन, २०४८ मा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर यस अदालतमा पुनरावेदन लाग्ने साबिकको कानूनी व्यवस्था अनुरुप नै हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ ले कानूनी व्यवस्था गरेको छ छैन भन्ने हरी विवेचना गर्नुपर्ने भएको छ।

प्रस्तुत विवादमा उच्च अदालत पाटनबाट मिति २०७३।९।२० मा आदेश भएको पाइन्छ। सो आदेशउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने नसक्ने के हो भन्ने सम्बन्धमा भैरहेको संवैधानिक र कानूनी व्यवस्था हेर्दा नेपालको संविधानको धारा १३३ ले सर्वोच्च अदालतको अधिकारक्षेत्रको व्यवस्था गरेको देखिन्छ। धारा १३३(४) मा **"यस संविधानको अधीनमा रही सर्वोच्च अदालतलाई संघीय कानूनमा व्यवस्था गरेबमोजिम मुद्दाको शुरु कारवाही र किनारा गर्ने, पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोऱ्याउने, निवेदन सुन्ने वा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार हुनेछ। त्यसरी पुनरावलोकन गर्दा पहिला फैसला गर्ने न्यायाधीशबाहेक अन्य न्यायाधीशले गर्नेछन्।"** र धारा १३३(५) मा **"उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दाको पुनरावेदन सुन्ने र संविधान र कानूनको व्याख्या सम्बन्धी प्रश्न समावेश भएको सार्वजनिक महत्वको विषय वा सर्वोच्च अदालतबाट निर्णय हुनु उपयुक्त छ भनी उच्च अदालतले आफ्नो रायसहित सिफारिस गरेको मुद्दाको निरुपण गर्ने अधिकार सर्वोच्च अदालतलाई हुनेछ। त्यसरी पुनरावलोकन गर्दा पहिला फैसला गर्ने न्यायाधीशबाहेक अन्य न्यायाधीशले गर्नेछन्।"** भन्ने संवैधानिक व्यवस्था रहेको देखियो। यसबाट उच्च अदालतले शुरू कारवाही र किनारा गरेको मुद्दाको पुनरावेदन सर्वोच्च अदालतले सुन्ने भन्ने उल्लिखित धारा १३३(४) र (५) को व्यवस्थाले उच्च अदालतले न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम आदेश गरेको मुद्दाको पुनरावेदन लाग्ने हो होइन भन्नेतर्फ हेरी विवेचना गर्नुपर्ने देखिन्छ।

न्याय प्रशासन ऐन, २०७३ को दफा ८ ले उच्च अदालतको अधिकारक्षेत्रको बारेमा व्यवस्था गरेको पाइन्छ। उल्लिखित दफा ८(१) मा **"उच्च अदालतलाई संविधानको धारा १४४(१) बमोजिम परेका निवेदनमा सुनुवाई गरी आवश्यक र उपयुक्त आदेश जारी गर्ने**

अधिकार हुनेछ।" र ऐ. भन्ने देहायका मुद्दामा दफा ८(२) मा **"उच्च अदालतलाई देहायका मुद्दामा पुनरावेदन सुनी निर्णय गर्ने अधिकार हुनेछः- (क) संघीय कानूनबमोजिम उच्च अदालतबाट शुरु कारवाही र किनारा हुने मुद्दा, (ख) संविधानको धारा १४५(१) बमोजिम मातहतका अदालतबाट झिकाइएको मुद्दा,"** भन्ने उल्लेख भएको देखिन्छ।

उल्लिखित कानूनी प्रावधानबाट उच्च अदालतलाई मूलतः ३ वटा प्रकृतिको विवादमा शुरु कारवाही र किनारा गर्ने अधिकारक्षेत्र प्रदान गरेको देखिन आयो। अब उच्च अदालतले कारवाही र किनारा गरेको उल्लिखित मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने नलाग्ने के हो भन्ने सम्बन्धमा न्याय प्रशासन ऐन, २०७३ ले सर्वोच्च अदालतलाई पुनरावेदन सुन्ने अधिकार सम्बन्धमा गरेको व्यवस्था हेर्नुपर्ने हुन्छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) मा **"सर्वोच्च अदालतलाई देहायका मुद्दामा पुनरावेदन सुन्ने अधिकार हुनेछः- (क) दफा ८(२) बमोजिम उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दा, (ख) उच्च अदालतबाट १० वर्ष वा सोभन्दा बढी कैद सजाय हुने गरी फैसला भएको मुद्दा, (ग) ३ वर्षभन्दा बढी कैदको सजाय वा ५ लाख रुपैयाँभन्दा बढी जरिवाना वा २५ लाख रुपैयाँभन्दा बढी विगो भएको मुद्दामा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पुरै बदर गरेको मुद्दा, र (घ) संघीय कानूनबमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अन्य मुद्दा।"** भन्ने व्यवस्था रहेभएको देखिन्छ। यसबाट संविधानको धारा १४४(१) र (२) मा व्यवस्थित उच्च अदालतको अधिकारक्षेत्रलाई न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) मा पुनरावृत्ती गरेको र सोलाई बाहेक गरी ऐ. दफा ८(२) बमोजिम उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दामामात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(क) मा भएको देखिन्छ। यसबाट संविधानको धारा १४४(१) र (२) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम उच्च अदालतले जारी गरेको आदेशउपर सर्वोच्च अदालतमा सोझै सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था गरेको देखिएन। यसरी संविधानको धारा १४४(१) र (२) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम गरेको आदेशमा सोझै पुनरावेदन नलागी न्याय प्रशासन ऐन, २०७३ को दफा १२ मा उल्लिखित व्यवस्थाबमोजिम मुद्दा दोहोऱ्याई हेर्नसक्ने अधिकारमात्र सर्वोच्च अदालतलाई रहेको देखिन आयो।

तसर्थः उच्च अदालत पाटनले मिति २०७३।९।२० मा गरेको आदेशउपर न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम पुनरावेदन नै लाग्ने अवस्था नदेखिएको भन्ने आधारमा यस अदालतबाट मिति २०७३।९।२५ मा जारी भएको अल्पकालीन अन्तर्कालीन आदेशलाई निरन्तरता दिनु नपर्ने भनी मा.न्या.श्री दीपकराज जोशीबाट व्यक्त भएको राय संविधान एवं कानूनसम्मत देखिँदा सदर हुने ठहर्छ। सो अन्तर्कालीन आदेशलाई निरन्तरता दिने भनी मा.न्या.श्री जगदीश शर्मा पौडेलबाट व्यक्त भएको रायसँग यो इजलास सहमत हुन सकेन। कानूनबमोजिम गर्नू।

न्यायाधीश न्यायाधीश न्यायाधीश

इति संवत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम्---------------------।